जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.वि.का.द.नं. ५/०६४/०६५

वर्ष ३३ अंक १५३ २०८० साल माघ ३ गते बुधबार (17 Jan. 2024 Wednesday) मूल्य रु. ५/-

**Log in :** *rajbirajdainik.com.np*

शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले सावधानी अपनाऔं ।

*यस अंक भित्र :* २ पृष्ठमा : नेपालले दिगो विकासबारे तेस्रोपटक३ पृष्ठमा : एनआईबिएल म्युचुअल फण्ड अन्तर्गत३ पृष्ठमा : जनवरीमा श्रीलङ्कामा...

# राष्ट्रिय भारोत्तोलन प्रतियोगितामा सप्तरीले पाए ८ स्वर्ण पदक मन्त्रीले गरे खेलाडीलाई सम्मान



**दैनिक समाचारदाता**
**राजविराज, २, माघ ।**

भक्तपुरमा पुस २४ गते देखि पौष २६ सम्म संचालन भएको ११ औं महिला तथा २६ औं पुरुष राष्ट्रिय भारोत्तोलन प्रतियोगिताका पदक विजेता सबै सप्तरीका खेलाडीहरुलाई मंगलबार सम्मान गरिएको हो ।

जिल्ला भारोत्तोल संघ सप्तरीले राष्ट्रिय प्रतियोगितामा सहभागी सबै खेलाडीले पदक ल्याएको खुशियालीमा एक कार्यक्रमको आयोजना गरी सम्मान गरिएको छ ।

उक्त प्रतियोगितामा सप्तरीबाट सहभागी ११ वटै खेलाडीले पदक ल्याई जिल्लाको मान सम्मान बढाएकोले यस्तो कार्यक्रमको आयोजना गरी सम्मान गरिएको सम्मान कार्यक्रमका आयोजक जिल्ला भारोत्तोलन संघ सप्तरीका अध्यक्ष गोपाल प्रसाद गुप्ताले बताए ।

उक्त प्रतियोगीतमा उत्कृष्ट प्रर्दशन गर्दै सप्तरीले ८ स्वर्ण तथा ३ रजत पदक हासिल गरेका थिए । टिम म्यानेजर एवं प्रशिक्षक पुन्तिलाल यादवका अनुसार पुरुष तर्फ ४९ केजी तौल समुहमा महेश यादव, ५५ केजीमा शंकर यादव, ६१ केजीमा सुजित यादव, ६७ केजीमा अनुराग प्रताप सिह र ७३ केजीमा हेम नारायण यादवले स्वर्ण पदक प्राप्त गरेका छन् ।

यस्तै ५५ केजी जुनियर पुरुषमा श्रवण यादवले रजत पदक ल्याए । यसैगरी महिला तर्फ ४९ केजीमा अम्बिका यादव, ५५ केजीमा नेहा यादव र ६४ केजी तौल समुहमा संतोषी यादवले स्वर्ण पदक हात पारेकी छिन । महिला तर्फ कै ५९ केजी सिनियर तर्फ पुष्पा ठाकुर र जुनियर तर्फ अंजली यादवले रजत पदक ल्याएकी छिन् ।

उनीहरुलाई कार्यक्रमका प्रमुख अतिथि मधेश प्रदेशका शिक्षा एवं संस्कृति मन्त्री महेश प्रसाद यादवले कदर पत्र तथा दोसल्लाबाट सम्मान गरे ।

*बाँकी अन्तिम पृष्ठमा*

# ललिता निवासको एक टुक्रा जग्गा तथा एक सुक्का पैसा पनि लिएको छैन् : नेता गच्छदार



**दैनिक समाचारदाता**
**राजविराज, २, माघ ।**

पूर्वउपप्रधानमन्त्री बिजय कुमार गच्छदारले आफूले ललिता निवासको एक टुक्रा जग्गा तथा एक सुक्का पैसा पनि नलिएको दाबी गरेका छन् ।

धार्मिक कार्यक्रमका क्रममा मंगलबार सप्तरी सदरमुकाम राजविराज आइपुगेका उनले काँग्रेस पार्टी कार्यालयमा कार्यकर्ता तथा संचारकर्मीहरुसँगको भेटघाटका क्रममा यस्तो दाबी गरेका हुन् । उनले राज्यले आफूलाई षडयन्त्रपूर्वक फसाउन खोजेको गुनासो समेत गरे ।

नेपाली काँग्रेसका केन्द्रिय सदस्य

*बाँकी तीन पृष्ठमा*

# चोरी भएको स्कारपियो भारतमा फेला




**दैनिक समाचारदाता**
**राजविराज, २ माघ ।**

राजविराजबाट चोरी भएको स्कारपियो गाडी ८ दिनपछि मंगलबार भारतमा फेला परेको छ ।

राजविराज नगरपालिका वडा नं. ९ का निवर्तमान वडाअध्यक्ष शम्भु प्रसाद यादवको घर कम्पाउण्डबाटै चोरी भएको बा.१४च. २९३५ नं. को गाडी भारत बिहार राज्यको लौकही

*बाँकी तीन पृष्ठमा*

## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**महादेवा गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

## क्यान्सरबाट बचौं, स्वस्थ रहौं

**क्यान्सर रोगका कारण:**
- वंशाणुगत कारण,
- निष्क्रिय जीवनशैली,
- विषादीयुक्त खाद्य पदार्थको प्रयोग,
- प्रदुषित वायुमण्डल,
- तारेको, झानेको तथा फाष्ट फूड एवं जंकफूडलगायत अस्वस्थकर खानाको उपभोग,
- नूनको बढी सेवन,
- मदिरा तथा सूर्तिजन्य पदार्थको सेवनले क्यान्सर जस्तो प्राणघातक रोग लाग्न सक्दछ।

**यसबाट बच्न,**
- पान, सुपारी, गुट्का, चुरोटलगायतका सुर्तीजन्य पदार्थ र मदिराको सेवन नगरौं,
- प्रशस्त मात्रामा फलफूल तथा हरियो सागसब्जीलगायत स्वस्थकर र ताजा खाना खाने गरौं,
- लामो समय राखिएका, तारेका, झानेका तथा फाष्ट फूड एवं जंकफूडको उपभोग घटाऔं,
- नूनको उचित मात्रामा प्रयोग गरौं,
- नियमित शारिरीक अभ्यास गरौं र सक्रिय जीवनशैली अपनाऔं ।

स्वस्थ्य रहौं, दीर्घ जीवनयापन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### जिल्लामा तरकारी भण्डारण केन्द्र आवश्यक

सप्तरी जिल्लामा बेमौसमी तरकारीदेखी लिएर मौसमी तरकारीहरु उत्पादन भइरहेको छ। विभिन्न सहकारी संस्थाहरुले कृषकहरुलाई ऋण समेत दिई तरकारी खेती गर्न प्रोत्साहन गरिरहेका छन् । जिल्लाका तरकारी पूर्व मेचीदेखी पश्चिम बुटवल र राजधानी काठमाडौंसम्म निर्यात हुने गरेको छ ।

जिल्लामा तरकारी भण्डारणको निम्ति कुनै भण्डारको व्यवस्था छैन् । जसकारण यहाँ व्यापारीहरु वर्षायाममा सोही तरकारी अन्य जिल्लाबाट आयात गरि महंगो दरमा उपभोक्तालाई बिक्रि गर्ने गरेका छन् । यद्यपी जिल्लाका ठूला ठूला व्यापारीहरुले यसप्रति ध्यान दिन सकिरहेका छैनन् ।

तसर्थ यसका निम्ति सम्बन्धीत निकायले ध्यान दिएमा जिल्लाका कृषकहरुलाई बेमौसममा तरकारी खरीद गर्न चर्को मूल्य तिर्नु पर्ने बाध्यता नआउने तथा उपभोक्ताले समेत सहुलियत दरमा तरकारी खरीद गर्न पाउनेछन् ।

# नेपालले दिगो विकासबारे तेस्रोपटक राष्ट्रिय स्वेच्छिक समीक्षा गर्दै

काठमाडौँ, २ माघ (रासस) ।

नेपालले आगामी असार ( जुलाई) महिनाभित्र दिगो विकाससम्बन्धी ‘राष्ट्रिय स्वेच्छिक समीक्षा’ (भोलन्टरी नेशनल रिभ्यु-भिएनआर) प्रतिवेदन तयार पारी संयुक्त राष्ट्रसङ्घ (युएन)अन्तर्गतको उच्चस्तरीय राजनीतिक मञ्चको बैठकमा प्रस्तुत गर्ने भएको छ ।

राष्ट्रिय योजना आयोगले मंगलबार काठमाडौँमा राष्ट्रिय स्वेच्छिक समीक्षा कार्यशालामा आयोजना गर्दै विभिन्न क्षेत्रबाट सुझाव लिएको छ । दिगो विकास लक्ष्यका सम्बन्धमा नेपालले सन् २०२३ सम्ममा हासिल गरेका उपलब्धिको समीक्षा र अबको कार्यदिशाबारे राय-सुझाव लिएको हो । यसअघि नेपालले पहिलोपटक सन् २०१७ र दोस्रोपटक सन् २०२० मा समीक्षा गरेको थियो । अबको छ महिनाभित्रका तेस्रोपटक समीक्षा गरिने आयोगले जनाएको छ ।

कार्यशालामा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा मीनबहादुर श्रेष्ठले दिगो विकास लक्ष्य प्राप्तिमा नेपालले गरिरहेको काम र नतिजाको समीक्षा, अरु देशका राम्रा अभ्यास, विभिन्न निकाय तथा सरोकारवालासँग समन्वय तथा सहाकार्य र राय सुझाव लिनका लागि कार्यशाला आयोजना गरिएको जानकारी दिनुभयो । दिगो विकास लक्ष्य प्राप्तिका लागि नेपाल पूर्णरूपमा प्रतिबद्ध रहेको र निर्धारित लक्ष्य प्राप्त गर्न सङ्घ, प्रदेश र स्थानीय तह गरी तीनवटै तहका सरकारले भूमिका निभाइरहेको उहाँको भनाइ छ ।“दिगो विकास लक्ष्यको स्थानीयकरण भएको छ । आवधिक योजना, मध्यमकालीन खर्च संरचना तथा वार्षिक नीति तथा कार्यक्रम र बजेटले दिगो विकास लक्ष्यसम्बन्धी विषयलाई प्राथमिकताका साथ समेटेका छन् । दिगो विकास लक्ष्य प्राप्तिसँग जोडिएका योजना तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनको काम प्रभावकारी ढङ्गले भएको छ”, उहाँले भन्नुभयो ।

आगामी आर्थिक वर्ष २०८१/०८२ बाट लागू हुनेगरी तयार भइरहेको सोह्रौँ पञ्चवर्षीय आवधिक योजनाले पनि अतिकम विकसित मुलुकबाट स्तरोन्नति र सन् २०३० सम्ममा दिगो विकास लक्ष्य पूरा गर्ने लक्ष्यसहित कार्ययोजनासहित मस्यौदा तयार भइरहेको श्रेष्ठले बताउनुभयो । दिगो विकाससम्बन्धी तेस्रो राष्ट्रिय स्वेच्छिक समीक्षा तयार गर्नका लागि राष्ट्रिय योजना आयोगको उपाध्यक्षको संयोजकत्वमा रहेको दिगो विकास कार्यान्वयन तथा अनुगमन समितिले काम गरिरहेको छ ।

आयोगको आर्थिक व्यवस्थापन महाशाखाले सचिवालयको रूपमा काम गरिरहेको छ । नेपालले यो प्रतिवेदन आगामी जुलाईमा सयुक्त राष्ट्रसङ्घ अन्तर्गतको उच्चस्तरीय राजनीतिक मञ्चको बैठकमा प्रस्तुत गर्ने पनि उपाध्यक्ष श्रेष्ठले बताउनुभयो । कार्यक्रममा संयुक्त राष्ट्रसङ्घको नेपालका लागि आवासीय संयोजक हाना सिङ्गर हाम्डीले दिगो विकास लक्ष्य प्राप्तिका लागि नेपालले गरिरहेका कामको प्रशंसा गर्नुहुँदै थप प्रगतिमूलक नतिजाका लागि प्रयास गर्नुपर्ने बताउनुभयो ।“दिगो विकास लक्ष्य प्राप्तिमा नेपालको प्रगति प्रसंशनीय छ । विश्वका अरु केही देशको तुलनामा नेपालको प्रगतिको अवस्था राम्रो छ । तर तोकिएको समयभित्रै दिगो विकास लक्ष्य प्राप्त गर्नका लागि हामी सबै पक्ष र क्षेत्र मिलेर थप प्रयास गर्न जरुरी छ”, उहाँले भन्नुभयो । अतिकम विकसित मुलुकको अध्यक्ष राष्ट्र भएका हैसियतले नेपाले दिगो विकास लक्ष्य र स्तरोन्नतिका काममा थप जिम्मेवार भएर लाग्नुपर्नेमा उहाँको जोड छ ।

सन् २०१५ मा संयुक्त राष्ट्रसङ्घका सबै सदस्य देशले दिगो विकास लक्ष्य (२०१६-२०३०) अनुमोदनका साथै कार्यान्वयन सुरु गरेका थिए । नेपालले पनि ‘नेपालका निम्ति दिगो विकास लक्ष्य २०१६-३० मार्गचित्र’ तयार गरी कार्यान्वयन गरेको छ । सन् २०२२ मा दिगो विकास लक्ष्य प्राप्तिको समीक्षा गरी वर्तमान अवस्था र भावी मार्गचित्र समेत निर्धारण गरेको छ । राष्ट्रिय योजना आयोगको पछिल्लो तथ्याङ्कअनुसार दिगो विकास लक्ष्य प्राप्तिमा नेपालले हालसम्म करिब ४३ प्रतिशत प्रगति हासिल गरिसकेको छ । एसिया प्यासिफिक क्षेत्रका लागि संयुक्त राष्ट्रसङ्घीय आर्थिक तथा सामाजिक आयोगको समन्वयमा कार्यशाला आयोजना भएको आयोगले जनाएको छ । कार्यशालामा सबै विषयगत मन्त्रालयका प्रतिनिधि, नेपाल राष्ट्र बैंक, सबै प्रदेशका नीति तथा योजना आयोग, गाउँपालिका राष्ट्रिय महासङ्घ, नेपाल नगरपालिका सङ्घ, निजी क्षेत्र, सरकारी तथा गैरसरकारी सङ्घ संस्थाका प्रतिनिधि, सहकारी क्षेत्रलगायतको सहभागिता रहेको थियो ।

# नसर्ने रोगको उपचार सेवालाई विस्तार गरिँदै

काठमाडौँ, २ माघ (रासस) ।

सरकारले नसर्ने रोगका कारण हुने सामाजिक र आर्थिक भार तथा मानवीय क्षतिलाई कम गर्न उपचार सेवाको पहुँचलाई विस्तार गर्ने लक्ष्य  लिएको छ ।

यसका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले बहुक्षेत्रीय कार्ययोजना र रणनीति कार्यान्वयनमा ल्याएको छ । पछिल्लो समय मुटु , पक्षघात, उच्च रक्तचाप, क्यान्सर, मधुमेह, दम जस्ता रोगीको सङ्ख्या बढ्दै गएको जनाइएको छ ।

राष्ट्रियसभा, राष्ट्रिय सरोकार तथा समन्वय समितिको मंगलबारको बैठकमा मन्त्रालयका सचिव डा रोशन पोखरेलले प्राथमिक सेवाद्वारा रोगको प्रभावकारी तथा स्रोतले भ्याउन सक्ने रोकथाम तथा उपचारलाई सरकारले प्राथमिकतामा राखेको जानकारी दिनुभयो ।

नसर्ने रोगको उपचारमा एकरुपता, समयमै गुणस्तरीय निदान,  रोकथाम तथा नियन्त्रणका लागि परामर्श, स्वास्थ्य संस्था, विद्यालय र समुदायबीच समन्वय तथा स्वास्थ्य सेवामा समतामूलक पहुँच र कार्यदक्षता बढाउने रणनीतिको  उद्देश्य रहेको छ ।

एक व्यक्तिबाट अर्को व्यक्तिमा नसर्ने, सूक्ष्म जीवाणुका माध्यमबाट नहुने रोगलाई साधारणतया नसर्ने रोग भन्ने गरिन्छ । विश्व स्वास्थ्य सङ्गठनका सदस्य राष्ट्रले नसर्ने रोगका कारण हुने अल्पायु मृत्य सन् २०२५ सम्ममा २५ प्रतिशतले घटाउने लक्ष्य लिएका छन् ।

दिगो विकास लक्ष्यले समेत एक तिहाइ नसर्ने रोगका कारणले हुने मृत्यु घटाउने लक्ष्य लिएको छ । उक्त लक्ष्य प्राप्तिका निम्ति सदस्य राष्ट्रले विभिन्न रणनीतिक कार्ययोजना र अवधारणसहित मार्गचित्र कोरेका छन् ।

त्यस पक्षलाई ध्यान दिँदै नेपाले पनि नसर्ने रोगको रोकथाम र नियन्त्रणका लागि नीतिगत, रणीतिगत विभिन्न कार्ययोजना अघि सारेको छ ।

व्यक्तिको अल्पायुमै मृत्य हुने तथा स्वास्थय क्षेत्रमा धेरै धनराशिको खर्च गराउने यी रोगहरू पछिल्लो समय विश्वका प्रमुख महामारीका रूपमा देखापरिरहेको छ ।

लामो अवधि र साधारणतया सुस्त गतिमा प्रभाव पार्ने मुटु तथा रक्तनलीका रोग, मिर्गौला, मधुमेह, दीर्घ श्वासप्रश्वास र क्यान्सरलगायत नसर्ने रोगको सूचीमा पर्छन् । मोटोपन, रक्तचाप, रगतमा गुल्कोज, धुम्रपान तथा सुर्तीजन्य पदार्थको प्रयोग र मद्यपान, अस्वस्थ्य खानपिन, पर्याप्त शारीरिक गतिविधिजस्ता व्यवहारले यी रोग निम्त्याउँछ ।

नसर्ने रोगकै कारण ७१ प्रतिशत मानिसको मृत्यु हुँदै आएको छ । २१ प्रतिशत भने विभिन्न सरुवा रोगबाट मानिसको ज्यान जाने मन्त्रालयको भनाइ छ । बाँकी दैवीप्रकोप, दुर्घटना र आत्महत्याजस्ता विभिन्न कारणबाट मानिसको ज्यान जाने गर्छ ।

एक तथ्याङ्कअनुसार १७ प्रतिशत महिला र २९.८ प्रतिशत व्यक्तिले कुनै न कुनै प्रकारको तनाव झेल्नु परेको भए तापनि त्यसमध्ये ९० प्रतिशतले कुनै उपचार नगराउने गरेको सचिव डा पोखरेलले बताउनुभयो ।

यसैबीच, आगामी सन् २०३० सम्ममा मधुमेहले गर्दा लाग्ने रोगका कारण मृत्यु हुनेको सङ्ख्या बढेर ११ प्रतिशतसम्म पुग्ने अनुमान गरिएको छ । लगभग ९६.७ प्रतिशत मानिस सिफारिसअनुसार खानुपर्ने

*बाँकी तीन पृष्ठमा*


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सन्तोष प्रसाद शाह**
**Dr. Santosh Prasad Sah**
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
**कन्सलटेन्ट फिजिसियन**

**डा. यमेश यादव**
**Dr. Yamesh Yadav**
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
**जेनरल सर्जन**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क :
**कृताञ्जली मेडिकल हँल**
**राजविराज**
Mo. No : 9842830252, 9804605569

# एनआईबिएल म्युचुअल फण्ड अन्तर्गत एनआईबिएल स्टेवल फण्डको सार्वजनिक निश्कासन

**दैनिक समाचारदाता**
**काठमाडौँ, १ माघ ।**

नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड, कोष प्रबर्द्धक तथाएनआइएमबि एस क्यापिटल लि. योजना व्यवस्थापक तथा डिपोजिटरी रहेको "एनआईबिएलम्युचुअल फण्ड" अन्तर्गत संचालन हुने छैठौं योजना "एनआईबिएल स्टेवल फण्ड" को सार्वजनिक निश्कासन माघ २ गतेबाट सुरु भएको छ ।

यस योजना संचालन गर्ने अनुमति नेपालधितोपत्रबोर्ड (SEBON) बाट मंसिर २१ गते प्राप्त भएको थियो । यस योजनाको आकार एक अर्ब र समयावधि १२ वर्षको रहेको छ र यो हाल सम्मकै सबैभन्दा लामो अवधि भएको बन्दमुखी योजना समेत रहेको छ ।

योजनाको अवधि भर यस योजनाले बार्षिक प्रतिफल (Effective Annual Return) को रुपमा १६.१८




प्रतिशत प्रतिफल आफ्ना इकाई धनीहरुलाई दिन सक्ने प्रक्षेपण समेत गरेको छ ।

योजनाको सार्वजनिक निश्कासन माघ २ देखि छिटोमा माघ ५ र ढिलोमा माघ१ ६ गते सम्म रहनेछ र इच्छुक लगानीकर्ताहरुले (व्यक्तितथा संस्था) यस योजनामा न्यूनतम रु. १ हजार देखि अधिकतम रु. १० करोड सम्म लगानीका गर्न सकिनेछ । लगानीकर्ताहरुले आफ्नो सी-आश्वा खाता रहेको बैंक वा मेरो शेयरमा लगईन गरी अनलाईन आवेदनदिन सकिने छ ।

योजनाको विवरण पुस्तिका एनआइएमबी एस क्यापिटल लि को वेव साईट (www.nimbacecapital.com) तथा नेपाल धितोपत्र बोर्डको वेव साइट (www.sebon.gov.np) मा समेत राखिएको छ ।

"एनआईबिएलम्युचुअल फण्ड" अन्तर्गत यस अघि नै चारबन्दमुखी योजनातथा एक खुलामुखी योजना समेत संचालनमा रहेको र "एनआईबिएल समृद्धि फण्ड -१" आफ्नो ७वर्ष समयावधि पूरा भई परिपक्क भईसकेको र हाल अन्य तीन बन्दमुखी योजना, एनआईबिएल प्रगति फण्ड, एनआईबिएल समृद्धि फण्ड-२ तथा एनआईबिएलग्रोथ फण्डसमेत संचालनमा रहेको छ । साथै नेपालकै पहिलो खुलामुखी योजना "एनआईबिएल सहभागीता फण्ड" पनि यसै म्युचुअल फण्ड अन्तर्गत संचालनमा रहेको छ ।

"एनआईबिएल स्टेवल फण्ड" का इकाईहरु नेपाल स्टक एक्सचेन्जमा सूचिकृत भई योजनाको समयवधि सम्म इकाईहरु दोश्रो बजारमा खरिद तथा बिक्री गर्न सकिने छ ।

## *नसर्ने रोगको ...*

सागसब्जी र फलफूल खाँदैनन् ।

नसर्ने रोगका प्रमुख कारकमा शारीरिक निष्क्रियता, धुम्रपान, मद्यपानको प्रयोग र अस्वस्थ्य खानपान नै हुन् । नसर्ने रोगका लागि मानिसका लागि प्रभावकारी तथा समतामूलक रोकथाम, उपचार तथा हेरचाह भएको जनाइएको छ ।

मन्त्रालयका अर्का सचिव देवकुमारी गुरागाईंले राज्यबाट प्रदान गरिने स्वास्थ्य उपचारसम्बन्धी सेवा र सुविधाबारे अझै धेरैलाई थाहा नभएकाले प्रचारप्रसारको व्यापक आवश्यकता भएको बताउँदै उपलब्ध जनशक्ति र पूर्वाधारको अधिकतम प्रयोग गर्नेमा राज्यको ध्यान जान जरुरी रहेको धारणा राख्नुभयो ।

समिति सभापति दिलकुमारी थापाले सरकारको नीति कार्यान्वयन गर्ने सिलसिलामा कहीँ कतै समस्या र अड्चन भएमा समिति बाटो फुकाउन हरदम तयार रहेको विश्वास दिलाउनुभयो ।

## *चोरी भएको ...*

ग्रामपंचायतको एकहत्ता भन्ने गाउँबाट फेला परेको हो ।

सीमावर्ती भारतको बिहारस्थित एक गाउँबाट उक्त गाडी बरामद भएको गाडीधनी यादवले बताए । उनले आफ्नै पहलमा उक्त गाडी बरामद गर्न सफल भएको जनाएका छन् ।

आफू र प्रहरीले गाडीको खोजि कार्य जारि राखेको बेला गाडी चोरी गरि लैजाने व्यक्ति भने फरार रहेको उनको भनाई छ । चोरी गरि लगेको गाडीको नेपाली नं. प्लेट परिवर्तन गरि बी.आर.०१पी.के.२६४० नं.को भारतीय प्लेट राखेर एकहत्ता गाउँमा राखिएको भनी साथीभाईले खबर गरेपछि आफू त्यहा पुगेको उनले बताए ।

उक्त गाडी मंगलबार नै स्थानीयवासी र साथीभाईको सहयोगले घर ल्याई पुऱ्याइएको र सो बारे प्रहरीलाई समेत जानकारी गराइसकेको उनले बताए ।

चोरले भारतीय बजारमा बिक्रि गर्ने उद्देश्यले नेपाली नं. प्लेट हटाएर नक्कली भारतीय नं. प्लेट टासेको हुन सक्ने उनले अनुमान व्यक्त गरेका छन् ।

प्रहरीले चोरीको गाडी फेला परिसकेको भनी गाडीधनीबाट जानकारी प्राप्त भएको र सो बारे थप अनुसन्धान भइरहेको जनाएको छ ।

## *ललिता निवासको ...*

समेत रहेका पूर्वउपप्रधानमन्त्री गच्छदारले भने, "तत्कालिन प्रधानमन्त्री माधवकुमार नेपालको निर्देशनमा म भौतिक पूर्वाधार मन्त्रीको हैसियतले ललिता निवासको जग्गा बारे मन्त्री परिसद्मा प्रस्ताव लगेको थिए ।" उनले भने, "मन्त्री परिषद्को निर्णय एकल व्यक्तिको नभईकन सरकारकै हो, तर मलाई राजनीतिक प्रतिशोधका कारण फसाउन खोजिएको हो ।"

झण्डै ५३ सालको सक्रिय राजनीति जिवनमा पटक-पटक गरि १४ पटक विभिन्न मन्त्रालयको जिम्मेवारी सफलतापूवर्क निर्वाह गरेको स्मरण सुनाउँदै नेता गच्छदारले हाल यो मुद्दा न्यायालयमा रहेकोले आफूले न्याय पाउने विश्वास समेत व्यक्त गरे ।

निर्वाचनमा पराजय भोग्नु र सक्रिय राजनीतिमा लागेर जनता सेवामा समर्पित हुनु बेग्ला बेग्लै पाटो रहेको जिकिर गर्दै आफू पराजय हुनुमा राजनीतिक उतार चढाव रहेको उनले बताए ।

नेपाली काँग्रेस पार्टीप्रति पनि नेता कार्यकर्ताको आ-आफ्नै असन्तुष्टि रहेकोले यो असन्तुष्टि कुनै नेता विशेषले मात्र नसच्याउन सक्ने बताउँदै उनले यसका लागि सिंगो पार्टी नै गम्भिर बन्नु पर्नेमा जोड दिए ।

यस्तै मुलुकमा अहिले ठूला दलहरुप्रति जनताको असन्तुष्टि बढ्दै गएको उनले उल्लेख गरे । उनले जनता राजनीतिक दलहरुसँग असन्तुष्ट रहेकोले ती राजनीतिक दलहरु सच्चिनु जरुरी रहेको बताएयसअघि नेता गच्छदार जिल्लाको भारदहस्थित कंकालिनी मन्दिर, हनुमाननगरको हनुमान मन्दिर र छिन्नमस्ता शक्तिपीठमा पूजापाठ गरेका थिए ।

पार्टीका जिल्ला सभापति रामदेव साहको अध्यक्षतामा आयोजित भेटघाट कार्यक्रममा प्रतिनिधिसभा सदस्य दिनेश यादव, तेजुलाल चौधरी, सुरुङ्गा नगरपालिकाकी मेयर गिता चौधरी, जिल्ला सचिव सनत मण्डल, यूवा नेता इर्साद अन्सारी लगायत काँग्रेसका स्थानीय नेता तथा कार्यकर्ताहरुको उपस्थिती रहेको थियो ।


# महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन् । यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ । यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ । महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ । यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ । यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ । परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ । आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन् । राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन् । समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन ।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ । त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ ।

**जनहीतका लागि : शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी**


# विश्व समाचार

## जनवरीमा श्रीलङ्कामा ५ हजारभन्दा बढी डेङ्गीका बिरामी

कोलम्बो, २ माघ, (रासस-सिन्ह्वा) ।

श्रीलङ्कामा यसै वर्षको जनवरीमा हालसम्म ५ हजारभन्दा बढी डेङ्गी सङ्क्रमित बिरामी फेला परेका छन् । राष्ट्रिय डेङ्गी नियन्त्रण एकाइले मङ्गलबार जनाए अनुसार जनवरीको पहिलो आधामा ५ हजार ,८२९ जनामा सङ्क्रमण देखिएको उल्लेख छ । पश्चिमी प्रान्तमा सबैभन्दा बढी एक हजार ९५६ मामिलाहरू रिपोर्ट गरिएको छ भने, उत्तरी प्रान्तमा १ हजार ३९० मामिलाहरू छन । गत वर्ष, श्रीलङ्कामा ८८ हजार ३९८ डेङ्गीका घटनाहरू रिपोर्ट गरिएको थियो जसमा ५७ जनाको मृत्यु भएको थियो । जनवरीको शुरुमा, स्वास्थ्य मन्त्रालयले देशमा लामखुट्टेबाट हुने रोगको फैलावट रोक्न देशव्यापी डेङ्गी रोकथाम सप्ताह घोषणा गरेको थियो ।

## संयुक्त राष्ट्रसङ्गद्वारा यो वर्ष युक्रेनका लागि ४.२ अर्ब अमेरिकी डलर जुटाउने प्रयास

कीभ, २ माघ (रासस/सिन्ह्वा) ।

संयुक्त राष्ट्रसङ्घले द्वन्द्वग्रस्त युक्रेनको समुदाय र शरणार्थीका लागि यसवर्ष ४.२ विलियन अमेरिकी डलर जुटाउन खोजिरहेको छ । युक्रेनको अस्थायी रूपमा कब्जा गरिएका क्षेत्रहरूको पुनः एकीकरण मन्त्रालयले सोमबार यस्तो जनाएको छ । विशेष गरी, संयुक्त राष्ट्रसङ्घले युक्रेनमा ८५ लाख मानिसलाई मानवीय सहायता प्रदान गर्न दाताबाट ३.१ अर्ब डलर आकर्षित गर्ने योजना बनाएको मन्त्रालयले विज्ञप्तिमार्फत जनाएको हो । रूस-युक्रेन द्वन्द्वका कारण देशबाट भाग्न बाध्य भएका २.३ मिलियन युक्रेनी शरणार्थीलाई सहयोग गर्न १.१ अर्ब डलर जुटाउने पनि विश्व निकायको लक्ष्य रहेको छ । युक्रेनी उपप्रधानमन्त्री इरिना भेरेशुकले द्वन्द्वबाट प्रभावित युक्रेनीलाई सहयोग गर्ने संयुक्त राष्ट्रसङ्घीय मानवीय योजनामा कीभले उच्च आशा राखेको बताउनुभएको छ । उहाँले आन्तरिक रूपमा विस्थापित मानिस तथा युद्धबाट भागेर विदेश गएका आफ्ना नागरिकलाई समर्थन जारी राख्नुपर्ने बताउनुभएको छ । सन् २०२२ को फेब्रुवरीदेखि करिब ६३ लाख मानिस युक्रेनबाट भागेको संयुक्त राष्ट्रसङ्घले जनाएको छ । युक्रेनी अधिकारीहरूका अनुसार देशभित्र करिब ४९ लाख मानिस विस्थापित भएका छन् ।

## इरानद्वारा सिरिया र इराकी कुर्दिस्तानमा रहेको "आतङ्कवादी अड्डाहरू" विरुद्ध मिसाइल आक्रमण

तेहरान, २ माघ, (रासस-सिन्ह्वा) ।

इरानको इस्लामिक रिभोलुसन गार्ड्स कोरले सिरिया र इराकको कुर्दिस्तान क्षेत्रमा "आतङ्कवादी" र इजरायलको गुप्तचर सेवा मोसादको अड्डा विरुद्ध ब्यालेस्टिक क्षेप्यास्त्रको ब्यारेज प्रहार गरेको जनाएको छ । आईआरजीसीले मङ्गलबार बिहानै सेपाह समाचारमा प्रकाशित तीनवटा विज्ञप्तिमा आक्रमणको घोषणा गरेको छ । यी आक्रमणहरू मध्यरातमा बलुचेस्तानमा हालैका "आतङ्कवादी हमलाहरू" को प्रतिक्रियाको रूपमा गरिएको बताइएको छ । इराकी सुरक्षा स्रोतका अनुसार इराकी कुर्दिस्तानको राजधानी एर्बिलमा आईआरजीसीले गरेको मिसाइल आक्रमणमा चार जनाको मृत्यु भएको छ । जनवरी ३ मा, दुई "आत्मघाती आतङ्कवादी" ले केरमानमा इरानी जनरल कासिम सुलेमानीको चिहान नजिकै दुईवटा बम विस्फोट गराएको बताइएको छ । त्यसको परिणामस्वरूप ९० जनाभन्दा बढीको मृत्यु भएको छ भने र २८० जना घाइते भएका छन् । जनवरी ४ मा भएको बम विस्फोटको जिम्मेवारी आईएस आतङ्कवादी समूहले लिएको थियो ।

## पाकिस्तानको वातावरणीय नमूनामा विश्व व्यापी पोलियो भाइरस पत्ता लाग्यो

इस्लामाबाद, २ माघ (रासस/सिन्ह्वा) ।

पाकिस्तानका ढल नमुनाहरूमा थप तीनवटा विश्वव्यापी पोलियो भाइरस फेला परेको छ । सन् २०२३ मा देशमा सकारात्मक नमूनाहरूको कुल योग एक सय १५ पुगेको पाकिस्तानी स्वास्थ्य मन्त्रालयले मङ्गलबार जनाएको छ । पूर्वी पञ्जाब प्रान्तको रावलपिन्डी सहरबाट डिसेम्बर ११ मा, सङ्घीय राजधानी इस्लामाबादबाट डिसेम्बर १२ मा र दक्षिणी बन्दरगाह सहर कराचीबाट डिसेम्बर १३ मा सङ्कलन गरिएको वातावरणीय नमुनामा भाइरस फेला परेको मन्त्रालयले विज्ञप्ति मार्फत जनाएको हो । भाइरसको सङ्क्रमणबाट बच्चाहरू अपाङ्गता पैदा गर्ने विभिन्न खालका रोगबाट निरन्तर जोखिम रहन्छ । राष्ट्रिय स्वास्थ्य सेवा, नियमन र समन्वयका लागि पाकिस्तानी कार्यबाहक मन्त्री नदीम जानलाई उद्धृत गर्दै विज्ञप्तिमा यस्तो उल्लेख गरेको छ । यो भाइरसले विशेष गरी शारीरिक रूपमा कमजोर बच्चाहरूलाई पक्षाघात निम्त्याउन सक्ने उहाँले उल्लेख गर्नु भयो । विश्व स्वास्थ्य सङ्गठनका अनुसार पाकिस्ता छिमेकी राष्ट्र अफगानिस्तानसँगै विश्वको दुई पोलियो-स्थानिक देशहरूमध्ये एक हो । पाकिस्तानमा सन् २०२३ मा छ वटा पोलियोका घटना दर्ता भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

# चिया र अलैंची अनुसन्धान केन्द्रको काम अघि बढ्यो

मङ्गलबारे (इलाम), २ माघ (रासस)। इलाममा एकसाथ चिया र अलैँचीको अनुसन्धानका लागि चिया तथा अलैँची अनुसन्धान केन्द्र स्थापना हुने भएको छ। चिया र अलैँचीको उर्वरभूमि इलाममा यसको अनुसन्धान केन्द्र स्थापना हुने भएको हो। यसले चिया र अलैँचीको उत्पादन र गुणस्तर वृद्धिमा सहयोग पुग्ने छ।

इलाम नगरपालिका-१ साँखेजुङका तीनजना दाहाल बन्धुहरूले यसका लागि निःशुल्क जग्गादान गर्नुभएको छ। राष्ट्रिय व्यावसायिक कृषि अनुसन्धान कार्यक्रमअन्तर्गत अनुसन्धान केन्द्र स्थापना हुने भएको हो। जसका लागि जग्गा व्यवस्थापनको काम इलाम नगरपालिकाले गरिरहेको छ। इलाममा चिया उत्पादन हुन थालेको करिब एक सय ६० वर्षपछि चिया अनुसन्धानका लागि केन्द्र स्थापना हुने भएको हो। यसले जिल्लाका किसानमा खुसी छाएको छ। जग्गा प्राप्तिसँगै कार्यालय स्थापनाको काम सुरु भएको छ। जसमा पहिलो चरणमा भवन निर्माणका लागि १३ रोपनी क्षेत्रफललाई सम्याइएको छ। सो स्थानमा भवन निर्माणका लागि ठेक्का समेत लागिसकेको इलाम नगरपालिकाका प्रमुख केदार थापाले बताउनुभयो। चिया प्रशोधनतर्फ रु २० लाखबराबरको रकमबाट काम भइरहेको छ।

अनुसन्धान केन्द्रका लागि इलाम नगरपालिका-१ स्थित साँखेजुङमा ४२ रोपनी जग्गा व्यवस्थापन गरिएको छ। स्थानीय रेतनाथ दाहालले १३ रेपनी), मित्र दाहालले १४ रोपनी तथा देवी दाहालले १५ रोपनी जग्गा हस्तान्तरण गरेको इलाम नगरपालिका-४ का वडाध्यक्ष तथा इलाम नगरपालिका प्रवक्ता नुतनदेव दुलालले जानकारी दिनुभयो।

पहिलो चरणमा पर्खालका लागि तारबार र कार्यालय भवन निर्माण गरिने छ। अनुसन्धान केन्द्रका लागि एक सय रोपनीभन्दा बढी जमिन आवश्यक पर्ने बताइएको छ। बयालीस रोपनी जग्गा प्राप्त भइसकेको र अब थप ५२ रोपनी जग्गा आवश्यकता छ। अन्य जग्गादाताले अनुसन्धान केन्द्रका लागि आवश्यक पर्ने जमिनसमेत उपलब्ध गराउन पहल भइरहेको प्रवक्ता दुलालको भनाइ छ।

इलाममा धेरै किसान चियामा आत्मनिर्भर छन्। उत्तिकै सङ्ख्यामा अलैँची किसानसमेत छन्। विदेशी मुद्रा आर्जन गर्ने नगदेबालीमा पर्ने अलैँची र चियाको विकासका लागि एकैसाथ काम भइरहेको इलाम नगरपालिकाका प्रमुख थापाको भनाइ छ। नगरपालिकाले कृषिलाई प्राथमिकतामा दिएअनुसार नै केन्द्र स्थापना गर्न लागिएको हो।

महँगो मूल्यमा अलैँची बिक्री भए पनि अलैँची मासिने क्रम नरोकिएकाले यसको खेती गर्ने किसानको सङ्ख्यामा कमी हुँदै गएको छ। अलैँचीको अनुसन्धानसमेत यहीँ गरिने भएपछि अब यससँग सम्बन्धित किसानको सङ्ख्या बढ्ने अपेक्षा छ। विसं १९२० मा चिया रोप्न सुरु गरिएको इलाममा सरकारले अनुसन्धान केन्द्र स्थापना गर्न लागेको हो। केन्द्र स्थापना हुने भएपछि यहाँका किसानमा उत्साह थपिएको छ।

चिया किसान किशोर खतिवडाले केन्द्र स्थापनापछि बीचबीचमा चियामा लाग्ने स-साना रोगको पहिचान हुने र उत्पादन बढाउन किसानलाई सहज हुने बताउनुभयो। उहाँले हाल चिया प्राविधिकसमेत सिकिरहेको बताउनुभयो। यसले प्राविधिकलाई थप दक्ष बनाउन मद्दत मिल्ने छ। अलैँची र चियामा लागि उत्पादनका हिसाबले इलाम महत्त्वपूर्ण र उर्वरभूमि मानिन्छ। इलाममा अनुसन्धान केन्द्र स्थापना पनि नेपाली चिया र अलैँचीको अनुसन्धान गर्न चाहनेका लागि सहज हुनेछ। स्वदेश र विदेशमा रहेका चिया अध्ययन, अवलोकन र अनुसन्धान गर्नेसमेत आउने हुँदा जिल्लामा पर्यटकको सङ्ख्यामा वृद्धि हुने अपेक्षा छ।

# खाना पकाउने ग्यास सिलिण्डर पड्किँदा मृत्यु

चितवन, २ माघ (रासस)। पश्चिम चितवनको फूलबारीमा खाना पकाउने ग्यास सिलिण्डरबाट ग्यास चुहावट भइ पड्किँदा एकजनाको मृत्यु भएको छ। मृत्यु हुनेमा भरतपुर महानगरपालिका-१५ डेरीचोकका ५० वर्षीय मनिष थापा रहेको जिल्ला प्रहरी कार्यालय चितवनले जनाएको छ।

कार्यालयका प्रहरी नायब उपरीक्षक श्रीराम भण्डारीका अनुसार आफ्नै कोठामा खाना बनाउने क्रममा ग्यास चुहावट भएर सिलिण्डर पड्किँदा थापाको सोमबार मृत्यु भएको प्रारम्भिक अनुमान गरिएको छ। स्थानीय अविनाश फटिलाइजर कम्पनीको हातभित्र आगलागी भएको हो। घटनाको थप अध्ययन भइरहेको उहाँले बताउनुभयो।

# 'वाइड बडी' जहाजमा प्राविधिक समस्या आएपछि 'ग्राउण्डेड'

काठमाडौँ, २ माघ (रासस)। नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) को वाइड बडी जहाजमा प्राविधिक समस्या आएका कारण 'ग्राउण्डेड' भएको छ। जहाज ग्राण्डेड भएसँगै दोहा गन्तव्यमा उड्ने तयारीमा रहेका यात्रु अलपत्र परेका छन्। निगमका प्रवक्ता रमेश पौडेलका अनुसार वाइडबडी जहाजको फ्लाइट कन्ट्रोल सेन्सरमा समस्या आएपछि उडान रोक्नु परेको हो।

ग्राउण्डेड जहाजको अहिले प्राविधिक मर्मत भइरहेको छ। रोकिएका यात्रुलाई मंगलबार साँझ वैकल्पिक उडानमार्फत गन्तव्यमा पठाइने उहाँले जानकारी दिनुभयो। "हिजो राति दोहा उडानका यात्रु जहाजमा प्राविधिक समस्याका कारण रोकिएका थिए। यात्रुहरूलाई मंगलबार साँझ ७:४५ बजेको उडानमार्फत गन्तव्य लैजाने तयारी गरिएको छ। यात्रुलाई दिउँसो ४ बजे विमानस्थलको समय दिइएको छ", प्रवक्ता पौडेलले भन्नुभयो।

निगमको अन्तर्राष्ट्रिय उडानका चार जहाजमध्ये एक न्यारोबडी जहाज मर्मतका लागि इजरायल पठाइएको छ। निगमको जहाजमा पटक-पटक प्राविधिक समस्या आउँदा उडान प्रभावित हुने गरेको छ। अन्तर्राष्ट्रिय उडानका लागि दुई थान न्यारोबडी र दुई थान वाइडबडी जहाज छन्। काठमाडौँबाट दोहा उडानको तयारीमा रहेका दुई सय ७६ यात्रुलाई राति होटेलमा राखेको थियो।

## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

**अनुरोधकर्ता**
**तिरहुत गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

## राष्ट्रिय भारोत्तोलन ...

कार्यक्रममा भारोत्तोलन प्रशिक्षक पुन्तीलाल यादव तथा भारतोलन संघ सप्तरीका निर्वतमान अध्यक्ष समेत रहेका मधेश प्रदेशका शिक्षा तथा संस्कृति मन्त्री यादवलाई समेत आयोजकले सम्मान गरे।

सो अवसरमा बोल्दै मन्त्री यादवले राष्ट्रिय प्रतियोगितामा प्राप्त मेडल जिल्लाकै मात्र नभई मधेश प्रदेश कै लागी उपहार भएको बताए। उनले आफनो कार्यकालमा इमान्दार प्रयास र नेतृत्व सहित मधेशको खेलकुद माथि उकास्ने प्रयास गरिरहे पनि राजनीति खिचातानीले अपेक्षित सुधार प्राप्त गर्न ढिलाई भइरहेको बताए।

उनले प्रदेशमा खेलकुदको विकासका लागी आफनो कार्यकालमा विभिन्न पुर्वाधार र निर्माण कार्यका लागी बजेट छुट्याइएको जानकारी सहित राजविराजको राजरंगशाला तथा पब्लिक विन्देश्वरी माविको खेल मैदान स्तरोन्नतीका लागी ०८०/०८१ को निती तथा कार्यक्रममा आवश्यक बजेट विनियोजन गरी सकेको बताए।

सप्तरी आफनो गृह जिल्ला समेत भएकाले जिल्लाको खेलकुदको विकासका लागी आफनो पारश्रमिकबाट १ लाख रुपैया दिने घोषणा समेत गरेका मन्त्री यादवले यसको सदुपयोग गर्न विभिन्न खेलकुद संघका पदाधिकारी, पुर्वखेलाडी तथा अग्रजहरु संग आग्रह गर्दै आ-आफ्नो स्तरबाट समेत सहयोग गर्नु पर्नेमा जोड दिए।

प्रदेशमा अहिले ६ दलिय गठबन्धनको सरकार रहेकाले आफुले मात्र चाहेर सबै काम गर्न न सकिएको लाचारी व्यक्त गरेका उनले यस अघिको प्रदेश सरकारमाथी विगतमा लागेको विभिन्न भ्रष्टाचारको आरोप वर्तमान प्रदेश सरकारले पनि खेप्नु नपरोस भन्ने तर्फ सचेत रहेको बताए।

प्रदेशको गौरवका आयोजनाहरुलाई पारदर्शी र इमान्दारीताका साथ अघि बढाउन आफु लागी परेको जनाउदै उनले यसमा सबैको साथ र सहयोग आवश्यक रहेको बताए।

जिल्ला भारतोलन संघ सप्तरीका कार्यवहाक अध्यक्ष गोपाल प्रसाद गुप्ताको अध्यक्षतामा आयोजित कार्यक्रममा पुर्व साँसद एवं भारोत्तोलन संघका सल्लाहकार सुर्यनाथ यादव "सुभाष", नवीन कुमार गुप्ता, खेलकुद पत्रकार मञ्च सप्तरीका अध्यक्ष मनोज कुमार माझी, जिल्ला खेलकुद विकास समितीका कार्यालय प्रमुख दिनेश भुजेल, डा. शिव शंकर यादव, प्रशिक्षक उमेश गुरुङ, संजय परियार लगायतले पनि बोल्दै पदक विजेता खेलाडीलाई बधाईसहित भविष्यमा राष्ट्रियस्तरमा मात्र नभई अन्तराष्ट्रियस्तरमा समेत पदक ल्याउन सफलता मिलोस भनी शुभकामना दिए।

## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ। विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। नेपालमा कानुनतः विवाह गर्ने उमेर २० वर्ष तोकिएको छ। त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने। अपाङ्गता भएका सन्तान जन्मन सक्ने।
६. विवाहपछि बालबालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गाह्रो हुने।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हननमात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो। तसर्थ बालविवाह नगरौं नगराऔं।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालविवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ। यसैगरि सोहि दफाको उपदफा (१) ले विवाह गर्ने व्यक्तिको उमेर निर्धारण गरेको छ। जस अनुसार २० बर्ष नपुगी कसैले बालविवाह गर्न वा गराउन हुदैन भन्ने व्यवस्था गरेको छ। उपदफा १ विपरित भएको विवाह स्वतःबदर योग्य हुने छ। यसैगरि उपदफा (३) मा कसुर गर्ने व्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ। बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने व्यवस्था कानुनले गरेको छ। तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं। बालविवाह रोक्न आजैदेखि पहल गरौं।

**अनुरोधकर्ता**
**खडक नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरी**

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*